# महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडावाज, दैलेख

कर्णाली प्रदेश नेपाल

**शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति :- २०७७/११/२०)**

यस गाउँकार्यपालिका कार्यालयको आर्थिक वर्ष २०७७।०७८को स्वीकृत पशु बिकास साझेदारी कार्यक्रम अनुसार देहायमा उल्लेखित संख्याको मुर्रा (कस) भैसी । रागो खरिद तथा ढुवानी कार्य र टयाकीडं समेत दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक फर्म वा सप्लार्यसहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७६।७७ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउ पत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरीद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालय मा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहीदिनको २:०० बजे यस कार्यालयमा खोलिने छन् । दरभाउपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु कमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको एन.सि.सि बैक गैडाबाज, दैलेख स्थित धरौटि खाता नं .१५२००००००४०१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

५. दरभाउपत्र दाताबाट दरभाउ पत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दररेट भरी पेश गर्नु पर्ने छ , दरभाउ भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. सफल दरभाउपत्रदाताले भैसी सप्लाई गर्दा पशु चिकित्सक बाट जमच गरेको निरोगिताको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।हाल कर्णाली प्रदेशमा भैसी श्रोत केन्द्र स्थापना भै नसकेकोले कर्णाली प्रदेश बाहीर बाट भैसी खरिद गरि सप्लाई गर्न सक्ने छ । र दरभाउपत्र साथ कम्तीमा २ बर्षको कार्य अनुभवको प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

७. यस गाउपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. यसमा लेखिएको हकमा यसै बमोजिम हुने र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने छ ।

९. यस सम्बन्धमा केही कुरा बुझ्न पर्ने भएमा कार्यालय समयमा वा सर्म्पक नं. ९८५८०४०५९९ मा सर्म्पक गर्न सकिने छ ।

| ठेक्का नम्वर | कामको विवरण | लागतअनुमान ( मू.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०९।०७७।०७८ | मुर्रा(कस) भैसी २४( चौबिस) र रागा ८ (आठ )ज्यान खरिद तथा ढुवानी र टयाकीडं कार्य समेत | ३३,९०,०००। | ८५,०००। | १०००। | |

भक्त बहादुर मल्ल

प्रमुख प्रशासकिय अधिकृत